# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.

## मुख्य शाखा कार्यालय बिर्तामोड

# धान कुटानी सम्बन्धी गोप्य शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रकाशित मिति : २०७७/०९/०८

यस कार्यालयले खरिद गरेको र गर्दै जाने धान कुटानी गर्नुपर्ने भएकोले स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक मिल (फर्म/कम्पनी) बाट तपशिल बमोजिमका सर्तहरुको अधिनमा रही रीतपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

### तपशिल

१. कम्पनीको खरिद विभाग प्रधान कार्यालय काठमाण्डौं वा यस कार्यालयबाट फिर्ता नहुने गरि रु. १०००।- रकम दाखिला गरी दरभाउपत्र फारम र सो सम्बन्धी कागजात सेट खरिद गर्न सकिनेछ। धरौटी बापत रकम नगद वा "क" वर्गको बैंक (बाणिज्य बैंक ) बाट जारी भएको जमानत (बैंक ग्यारेण्टी) राख्नु पर्नेछ।

२. कम्पनीले कुटानी गर्ने धानको किसिम, कुटानी परिमाण, बुझाउनु पर्ने चामल तथा बोराको गुणस्तर, चामल बुझाउनु पर्ने स्थान, धरौटी रकम आदि विवरण दरभाउपत्र दस्तुर निम्न तालिकामा तोकिए बमोजिम हुनेछ।

| सि.नं. | धानको किसिम | कुटानी गर्नुपर्ने परिमाण (क्वी.) | धान कुटानी गरी बुझाउनु पर्ने चामल र बोराको गुणस्तर | बुझाउने स्थान | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | सोना मसुली धान | १५००० क्वी. (पन्ध्र हजार क्वीण्टल ) | दरभाउपत्र सेटको अनुसूची १ बमोजिम चामल र अनुसूचि -२ बमोजिम प्लास्टिक बोरा बुझाउनु पर्ने छ। | कम्पनीको मुख्य शाखा कार्यालयको गोदाम | कबोल अंकको ५(पांच) प्रतिशत | रु.१०००।- |
| २. | रंजित धान | ८००० क्वी. (आठ हजार क्वीण्टल ) | | | | रु.१०००।- |

३. कम्पनीको आव्स्यकता हेरी कुटानी गरिने धानको परिमाण थपघट हुन सक्नेछ। थपघट भएमा सोही अनुसार कुटानी गर्नु पर्नेछ।

४. धान कुटानी गरिसकेपछि तोकिएको परिमाण चामल कम्पनीले तोकेको गोदाममा बुझाउनु पर्नेछ।

५. दरभाउपत्रदाताले दरभाउ सम्बन्धी जानकारीमा उल्लेख भएको व्यहोरा अध्ययन गरी कुटानी कार्यमा हुने खर्च र आफुलाई प्राप्त हुने उप-पदार्थको आम्दानी रकम हिसाब गरी कुटानी ज्याला तथा कम्पनीबाट बुझिलिएको धानको प्रतिलब्धी (रिकभरी) चामल कवोल गर्नुपर्नेछ। दरभाउपत्र कागजातमा उल्लेख भएको अधिकतम कुटानी ज्यालामा नबढ्ने गरी र न्यूनतम प्रतिलब्धी प्रतिशतमा नघट्ने गरी चामल दिन कवुल गर्नु पर्नेछ।

६. दरभाउपत्रदाताले दरभाउमा तोकिए बमोजिमको धरौटी रकम यस कम्पनीको श्री नेपाल बैंक लिमिटेड, बिर्तामोड शाखामा रहेको हिसाब नं. ०८८००१०६६८५३२८००००००१ अपरेटिङ खातामा जम्मा गरेको सक्कलै भौचर वा "क" वर्गको वाणिज्य बैंकबाट यस कम्पनीको नाममा जारी भएको नियमअनुसारको बैंक जमानीपत्र पेश गर्नुपर्नेछ।

७. यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०७७/०९/२२ गते सम्म दरभाउपत्र खरिद गरि दरभाउदाता वा निजको आधिकारिक प्रतिनिधीले रितपूर्वक सही छाप तथा शिलदबन्दी गरी १६ औं दिन अर्थात मितिः २०७७/०९/२३ गते दिउसो १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्न सकिनेछ। समय नाघी आएको दरभाउपत्र स्वीकार गरिनेछैन। पेश हुन आएका दरभाउपत्र सोही दिन दिउसो २:०० बजे यस कार्यालयमा खोलिनेछ।

८. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिनभित्र नियमअनुसार कार्य सम्पादन जमानत तथा आवश्यकता अनुसार थप कार्य सम्पादन (धितो) जमानत समेत पेश गरी सम्झौता गर्नुपर्नेछ। निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ।

९. दरभाउपत्रको मान्य हुने अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ४५ दिनको हुनेछ। दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनी तथा प्राथमिक खरिद समितिमा सुरक्षित रहनेछ। यस सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र कागजात र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
मुख्य शाखा कार्यालय बिर्तामोड
फोन नं. ०२३-५४०२१४

Scanned with CamScanner